# शिलवन्दी प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/०२/०५

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, संचालक समितिको मिति २०८०/०१/०९ मा बसेको ६८० औं बैठकको निर्णय बमोजिम पोखरा औद्योगिक क्षेत्र भित्र रहेको तपशिलको भवन, संरचना, मिलमेसिनरी तथा विद्युत जन्य सम्पत्तिहरूको निम्न मुल्याङ्कनमा नघट्ने गरी औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली २०७१ (संशोधन सहित) बमोजिम नयाँ उद्योग सञ्चालन गर्ने इजाजत प्राप्त इच्छुक उद्योग व्यवसायीहरूलाई जग्गा बहालमा दिन यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र शिलबन्दी प्रस्ताव खरिद गरी २२औं दिनको १२ बजे भित्र दर्ता गर्न सार्वजनिक सूचना प्रकाशित गरिएको छ। सूचनाका अन्य शर्तहरू कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ। यस विषयमा थप जानकारीका लागि वेभसाइट www.idm.org.np र कार्यालय समयभित्र निम्न ठेगानामा सम्पर्क गरी बुझ्न सकिनेछ।

तपसिल

| क्र. सं. | प्लट नं. | क्षेत्रफल | जमिन बाहेक सम्पत्तिको मुल्याङ्कन रकम (मु.अ.क. बाहेक) रू. | लिलाम सकार गर्नुपर्ने सम्पत्तिको विवरण | प्रबर्द्धन गरिने उद्योगको उद्देश्य |
|---|---|---|---|---|---|
| १ | F3 | ११.५४ रोपनी जमिन र भवन संरचनाहरूको जम्मा क्षेत्रफल १७,२३९.९२ व.मि. | २,३०,६६,४५६१५ | भवन, संरचना, मिलमेसिनरी तथा विद्युतजन्य सम्पत्तिहरू | औ.क्षे.व्य.लि. सञ्चालन तथा व्यवस्थापन नियमावली २०७१ को नियम ५ बमोजिमका प्राथमिकता प्राप्त उद्योगहरू |

**पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय**

पोखरा १०, कास्की, गण्डकी प्रदेश।

फोन नं. ०६१-५७०२०५/५६०३३

गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
(नेपाल सरकारको स्वामित्व भएको)

# पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय
# जग्गा बहाल प्रस्ताव आह्वान विवरण

पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय,
पोखरा- १०, कास्की ,गण्डकी प्रदेश ।
सम्पर्क नं. ०६१ ५७०२०५, ०६१५७६०३३

# सिलबन्दी प्रस्ताव आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति २०८०।०२।०५

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,सन्चालक समितिको मिति २०८०।०१।०९ मा बसेको ६८० औ बैठकको निर्णय बमोजिम पोखरा औद्योगिक क्षेत्र भित्र रहेको तपशिलको भवन,संरचना,मिलमिसिनरी तथा बिद्युत जन्य सम्पत्तिहरुको निम्न मुल्याङ्कनमा नघट्ने गरी औद्योगिक क्षेत्र सन्चालन तथा व्यवस्थापन नियमाविली २०७१( संशोधन सहित) बमोजिम नयां उद्योग सन्चालन गर्न ईजाजत प्राप्त ईच्छुक उद्योग व्यवसायीहरुलाई जग्गा बहालमा दिन यो सुचना प्रकाशित भएको मितिले २१ (एक्काईस)दिन भित्र शिलबन्दी प्रस्ताव खरीद गरी २२औं दिनको १२ बजे भित्र दर्ता गर्न सार्वजनिक सुचना प्रकाशित गरिएको छ । सुचनाका अन्य शर्तहरु कार्यालयको सुचना पाटीमा टांस गरिएको छ ।

यस बिषयमा थप जानकारीका लागि वेभसाईट www.idm.org.np र कार्यालय समयभित्र निम्न ठेगानामा सम्पर्क गरी बुझ्न सकिनेछ ।

तपशिल

| क्र. सं | प्लट नं. | क्षेत्रफल | जमिन बाहेक सम्पत्तिको मुल्याङ्कन रकम ( मु.अ.क.बाहेक) रु. | लिलाम सकार गर्नुपर्ने सम्पत्तिको विवरण | प्रबर्द्धन गरिने उद्योगको उद्देश्य |
|---|---|---|---|---|---|
| १ | F3 | ११.५४ रोपनी जमिन र भवन संरचनाहरुको जम्मा क्षेत्रफल १७,२३९.९२ व.फि. | २,३०,६६,४५६।१५ | भवन,संरचना,मिलमिसिनरी तथा बिद्युतजन्य सम्पत्तिहरु | औ.क्षे.व्य.लि. सन्चालन तथा व्यवस्थापन नियमावली २०७१को नियम ५ बमोजिमका प्राथमिकता प्राप्त उद्योगहरु |

पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय
पोखरा १०, कास्की, गण्डकी प्रदेश ।
फोन नं.०६१५७०२०५,५७६०३३

औद्योगिक क्षेत्र व्यवस्थापनलिमिटेड
(नेपाल सरकारको स्वामित्वभएको)

# पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

पोखरा १०, कास्की, गण्डकी प्रदेश ।

फोन नं.०६१५७०२०५/५७६०३३

## सिलबन्दी प्रस्ताव आव्हान सुचनाको अन्य शर्तहरु

सुचना प्रकाशित मिति२०८०।०२।०५

१.उद्योग सञ्चालन गर्न आवश्यक जमिन, विद्युत, पानी, सडक, ढल आदि जस्ता पुर्वाधार युक्त ११.५४ (एघार दशमलव पाच चार) रोपनी जमिन औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली २०७१(संसोधन सहित) नियम ५ बमोजिमका उद्योगहरु बीच प्रतिस्पर्धा र पारदर्शिताका आधारमा जग्गा बहालमा उपलब्ध गराउनु पर्ने भएकोले ईच्छुक उद्योग/उद्यमीहरुबाट तपसिलमा उल्लेखित शर्तहरुको अधिनमा रही उद्योगीहरुबाट प्रस्ताव माग गर्नु पर्ने भएको साथै प्रस्ताव मुल्याङ्कन गरी छनौट गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको मितिले २१ दिनभित्र शिलबन्दी प्रस्ताव पेश गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

२.दरखास्त फाराम खरिद:
प्रस्तावित नयाँ उद्योग/उद्यमीले रू.२,०००।००(दुईहजार रूपैयाँ)शुल्क तिरी (फिर्ता नहुने) खरिद गरी प्रस्ताव फाराम भरी प्रस्ताव साथ पेश गर्नुपर्नेछ ।

३.प्रस्ताव फाराम पाइने स्थान: पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, पोखरा १०,कास्की ।

४.सिलबन्दी प्रस्ताव दाखिला:
उद्योग वा प्रस्तावित व्यवसाय गर्न चाहने उद्योगका सञ्चालकले प्रस्ताव फाराम प्रथम पटक प्रकाशित मितिले २१औं दिन अर्थात मिति २०८०।०२।२५गते कार्यालय समय अपरान्ह ५:०० बजे सम्म खरिद गर्न सक्नेछन् । उद्योगका सञ्चालकले प्रस्ताव फारामको प्रत्येक पाना अध्ययन गरेर रितपूर्वक भरी सहीछाप गरी प्रस्तावमा उल्लेखित कागजपत्रहरु स्वयद्वारा प्रतिलिपि प्रमाणित गरी पेश गर्नुको साथै (बुदां)शर्त नं. ५ बमोजिमको नगद जम्मा गरेको भौचर संलग्न गरी सो प्रस्ताव सिलबन्दी गरी खाम बाहिर उद्योग/फर्मको नाम, ठेगाना प्रष्टसंग लेखी २२औं दिन अर्थात मिति २०८०।०२।२६ गते अपरान्ह १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ ।

५.धरौटी:
जग्गा प्रवेश शुल्क बापत एकपटकको लागि प्रति रोपनी न्यूनतम् रू.२५,०००।०० (पच्चिसहजार रूपैया)निर्धारण गरिएको छ ।

प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि प्रवेश शुल्क गोप्यरूपमा बढी कबोल गर्न सक्नेछ । नियम १४ बमोजिम प्रवेश शुल्कलाई मुल्याङ्कनको आधार बनाइएको छ ।

आफूले कबोल गरेको प्रवेश शुल्कको दर बमोजिम ११.५४ रोपनीको जम्मा हुन आउने प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम तथा लिजमा लिने जमिनमा निर्मित भवन /संरचना/मेशिनरी/फर्निचर/विद्युतीय सामाग्री सहितको कबोल रकम( मु.अ.क.बाहेक) को १० प्रतिशतले हुन आउने एकमुष्ठ रकम यस कार्यालयको नाममा श्री लक्ष्मी बैंक लि. पोखरा औद्योगिक क्षेत्र शाखा, चल्ती हि.नं.०३६११०००१७ जम्मा गरेको सक्कल भौचर प्रस्तावसाथ संलग्न गर्नुपर्नेछ ।

६.प्रस्ताव खोलिने:सार्वजनिक सूचना प्रकाशित भएको मितिले २२औं दिन मिति२०८०।०२।२६ दिउँसो २:०० बजे रित पूर्वक दाखिला भएका प्रस्तावहरु पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यलयमा उद्योगी वा निजको प्रतिनिधिको (प्रतिनिधिनियुक्ति गरेको लिखित पत्रसाथ) रोहवरमा खोलिने छ । उद्योगी वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

७.बिदा परेमा: प्रस्ताव खरीद गर्ने,दर्ता गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त दिनको पछि लगत्तै कार्यालय खुलेको दिनमा दर्ता वा खोलिने कार्य गरिनेछ ।

८.<u>अधिकार</u>: प्रस्ताव स्वीकृत गर्ने वा कारबाही रद्ध गर्ने वा नगर्ने सम्पुर्ण अधिकार नियम ३४ बमोजिमको अख्तियारी प्राप्त पदाधिकारी वा निकायलाई हुनेछ ।

९.<u>प्रस्ताव माथि कारवाही नहुने</u>: सिलवन्दीभई नआएको, म्यादभित्र पेश हुन नआएको, फिर्ता लिएको प्रस्ताव, अयोग्य प्रस्ताव, आपसमा मिलोमतो गरी दाखिला भएको, रद्द भएको प्रस्ताव, सर्तसहितको प्रस्तावहरु माथि कारवाही हुने छैन ।

१०.<u>कारवाही हुने</u> :नक्कली कागजात पेश गरेको पाईएमा प्रस्ताव खरिद गर्न वा दाखिला गर्न आएको व्यक्ति वा फर्म उपर प्रचलित कानून बमोजिम कारवाही हुनेछ ।

११.<u>अन्य जानकारी</u>: अन्य कुरा बुझ्न परेमा कार्यालय समय भित्र पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय, पोखरा-१०, कास्कीमा सम्पर्क गर्न सकिनेछ । यो सुचनाको संक्षिप्त विवरण औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको वेबसाईट www.idm.org.np मा समेत उपलब्ध छ ।

१२.यस सूचनामा उल्लेख नभएका कूराहरुको हकमा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ एवं कार्य सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७१ बमोजिम हुनेछ ।

१३.जग्गा नाप नक्सा र क्षेत्रफलको विवरण:



जग्गाको विवरण:

| जमिन रहेको स्थान संकेत | जग्गा (रोपनी) | साविक उद्योगद्वारा निर्मित जम्मा भवन संरचना(व.फि) | संरचनाको न्यूनतम मूल्य: (मू.अ.करबाहेक) (संरचना, मसिन तथा विद्युतिय उपकरणसमेत) |
|---|---|---|---|
| F3 | ११.५४(६३,१९३.०४ वर्गफिट) | १७,२३९.९२ | रू. २,३०,६६,४५६।१५ (दुई करोड तीस लाख छैसट्ठी हजार चार सय छपन्न र पैसा पन्ध्र मात्र) |



साईटप्लान

**नोट:** माथि उल्लेखित मुल्याङ्कित रकममा घटबढ हुने छैन । न्यून कबोल गरेमा प्रस्ताव स्वत: रद्द हुनेछ भने बढी कबोल गरिएमा प्रस्ताव मूल्याङ्कनको सन्दर्भमा सोबापत कुनै अंक प्राप्त हुने छैन ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

जग्गा बहालमा उपलब्ध गराउने

## प्रस्ताव फाराम

१)प्रस्तावित उद्योगको नाम: .. . . . . .

२) ठेगाना: . . . . . . . .

३). उत्पादन: .. . .. .

४) प्रतिस्पर्धा गर्ने जग्गा: ११.५४रोपनी(६३,१९३.०४वर्गफिट),

५) उद्योगको तर्फबाट निर्मित भवनको क्षेत्रफल:१,८२२.५९ व.फि(Truss Roof Structureभएको), १२१९७.१७ व.फि(Masonry Building Structureभएको), र ३,२२०.१६(RCC Roof Structureभएको)गरी जम्मा:१७,२३९.९२ (सत्र हजार दुई सय उनान्चालिस दशमलव बयानब्बे मात्र)

६) स्थान संकेत:F3(संलग्न साइट प्लान अनुसार)

७) प्रस्ताव फाराम दस्तुर: रू.२०००/- (दुईहजार रूपैयाँ)

८) प्रस्ताव आह्वान मिति: २०८०।०२।०५

९) प्रस्ताव फाराम वितरण गर्ने अन्तिम मिति: २०८०।०२।२५, बेलुका ५:०० बजे सम्म ।

१०) प्रस्ताव फाराम बुझाउने अन्तिम दिन तथा समय:२०८०।०२।२६, अपरान्ह १२:०० बजे सम्म ।

११) प्रस्ताव फाराम बुझाउने स्थान: (क) पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय,पोखरा-१०, पोखरा,कास्की ।

१२) प्रस्ताव खोल्ने मिति: प्रथम पटक सूचना सार्वजनिक भएको मितिले २२औं दिन मिति: २०८०।०२।२६,दिउसो २:०० बजे ।

किशोरकुमार पाण्डे
कार्यालय प्रमुख
पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

---

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

जग्गा बहालमा उपललब्ध गराउने (सिलबन्दी) प्रस्ताव फाराम

पोखरा औद्योगिक क्षेत्रभित्रको जग्गा नियमानुसार उद्योगलाई बहालमा उपलब्ध गराउन तयार पारिएको सामान्य शर्त एव सूचनाहरू, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयबाट तयार गरिएको यस सम्बन्धी पुस्तिका तथा मिति२०८०।०२।०५मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना एवं कार्यालयको सूचना पाटीमा टाँस गरिएको बिस्तृत सूचनाबाट अवगत भएका छौं । कार्यालयबाट जारी भएको प्रस्ताव सम्बन्धी सामान्य शर्त र प्रचलित नियमहरूलाई पालना गर्ने गरी यो शिलबन्दी प्रस्ताव पेश गर्दछौं ।

१. उद्योग वा प्रस्तावकको नाम: . . .. .. .

२. ठेगाना: ... . . .

३ उत्पादन: .. . . . .

४. उद्योग दर्ता गर्ने निकाय, दर्ता नं. र मिति: . ... . .. .

५.

६. लिजमा लिन चाहेको जग्गा संकेत र क्षेत्रफल :F3, ११.५४रोपनी(६३,१९३.०४वर्गफिट)

७. प्रस्तावकले कबोल गरेको प्रवेश शुल्कको २५ प्रतिशतले हुने धरौटीबापत जम्मा गरेको रकम र मिति:. ... . . . . .

८. धरौटी रकम जम्मा गरेको बैंक र भौचर नं.:

९. लिन चाहेको जग्गामा रहेको संरचना तथा जायजेथा स्वीकार गरी सो बापत भुक्तानी गर्न कबोल गरेको रकम मु.अ.क. सहित (एकमुष्ठ) रू.

अक्षरेपि:

उद्योगको छाप

दस्तखत: .. . .

सञ्चालकको नाम: .. . . ..

मिति: .. . . . . .

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय

## जग्गा बहाल प्रस्ताव आह्वान विवरण

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, सञ्चालक समितिबाट स्वीकृत प्राविधिक स्पेसिफिकेशनअनुसार पोखरा औद्योगिक क्षेत्रको स्वामित्वमा रहेको देहायका जग्गा औद्योगिक क्षेत्र सञ्चालन तथा व्यवस्थापन नियमावली, २०७१ र कार्य सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७१ मा भएको व्यवस्थामा आधारित रहेर पोखरा औद्योगिक क्षेत्रभित्र रिक्त रहेको जग्गा बहालमा दिने प्रयोजनका लागि *जग्गा प्रस्ताव आह्वान विवरण* तयार गरिएको छ । यस विवरणमा उल्लेख गरिएका सर्त एवं सूचनाहरू कार्यालय र प्रस्तावकका लागि मान्य हुनेछ । यस विवरणमा पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयलाई "कार्यालय" र प्रस्तावित उद्योगको रूपमा उद्योग/फर्म/कम्पनी/व्यवसायी व्यक्तिलाई "प्रस्तावक" भनिनेछ । "व्यवसायी व्यक्ति" भन्नाले दर्ता नभएका प्रस्तावित उद्योगलाई जनाउनेछ ।

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| १. | जग्गा प्रस्ताव आह्वान प्रतिवेदनको उद्देश्य | १.१ रिक्त रहेको विकसित जग्गा बहालमा दिनका लागि नियमावलीमा व्यवस्था भएबमोजिम प्राथमिकताप्राप्त उद्योग/फर्म/ कम्पनी/ व्यवसायी व्यक्तिहरूबीच खुला प्रतिस्पर्धा गराई उत्कृष्ट प्रस्तावक छनौट गर्ने । |
| २. | जग्गा क्षेत्रफल तथा उद्योगको वर्गिकरण | २.१ केन्द्रीय कार्यालयबाट स्वीकृति प्रदान गरिएको बहालमा दिन सकिने जग्गा ११.५४(एघार दशमलव पाच चार) रोपनी रहेको छ । उक्त जमिनमा बुदा नं. ७ मा उल्लेखित प्राथमिकता प्राप्त उद्योगहरूले प्रतिस्पर्धा गर्न सक्नेछन् । |
| ३. | प्रस्तावित जग्गामा (निजी लगानीमा) निर्मित भौतिक संरचना तथा जायजेथा स्वीकार गर्नुपर्ने । | ३.१ कार्यालयले कानुनी कारवाही गरी कब्जामा लिएको प्लट नं.F3 मा रहेको जमिनमा साविक उद्योगले निर्माण गरेको भौतिक संरचना, मिलमेसिनरी आदिको मूल्याङ्कित रकम रू.२,३०,६६,४५६।१५(रूपैया दुई करोड तीस लाख छैसट्ठी हजार चार सय छपन्न र पैसा पन्ध्र)(मु अ कर बाहेक)मा नघट्ने गरी प्रस्तावकले रकम कबोल गर्नुपर्ने छ । कबोल रकममा नियमानुसार मू.अ.कर बापतको रकमसमेत जोडी हुन आउने रकम बुझाउनु पर्नेछ ।(मूल्याङ्कित रकम रू. २,३०,६६,४५६।१५मा बढाबढ गर्न पाईने छैन )<br>३.२ यदि कुनै प्रस्तावकले मूल्याङ्कित रकम भन्दा घटी कबोल गरेको वा कबोल रकम उल्लेख नगरेको पाईएमा त्यस्तो प्रस्ताव स्वतः रद्द हुनेछ । भौतिक संरचना, मिल मेशिनरी आदि जायजेथाको नाप, नक्सा तथा मूल्याङ्कन सम्वन्धि विस्तृत विवरण यसै साथ संलग्न रहेको छ ।<br>३.३ छनौट हुने प्रस्तावकले प्रवेश शुल्क बापत कबोल गरेको रकम र क.स. ३ बुंदा नं. ३.१ मा कबोल गरेको रकम कार्यालयको बैंक खातामा जम्मा गरेपश्चात मात्र सम्झौता सम्बन्धी कारवाही अगाडी बढाईने छ । |
| ४. | जग्गा बहालदर | ४.१ सञ्चालक समितिले समय समयमा निर्धारण गरेको जग्गा तथा भवन बहाल र सम्झौता नविकरण शुल्क बुझाउनु पर्नेछ । आजको मितिमा जमिन बहाल रू.६५,६३५.३४(उत्पादन मुलक उद्योगको हकमा) प्रति रोपनी प्रति वर्षका दरले कायम रहेको छ ।<br>४.२ जग्गा सम्झौता गर्दाको मितिमा सञ्चालक समितिले तोकेको/संसोधित दररेटमा बहाल रकम बुझाउनु पर्ने । |
| ५. | जग्गा सम्झौता अवधि | ५.१ पहिलोपटक जग्गा तथा भवन बहालमा दिंदा बढीमा ४० वर्षको लागि सम्झौता अवधि हुनेछ ।<br>५.२ पहिलो सम्झौता अवधि व्यतित् भएपछि बढीमा थप ४० वर्षको लागि सम्झौता नविकरण गर्नसकिने छ । |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| ६. | जग्गा प्रवेश शुल्क | ६.१ जग्गा सम्झौता गर्दा प्रवेश शुल्कवापत एकपटकको लागि जग्गा प्रति रोपनी न्यूनतम् रू.२५,०००/-(रूपिया पच्चीसहजार)निर्धारण गरिएको छ ।<br>६.२ प्रस्तावकले प्रस्ताव पेश गर्दा प्रतिस्पर्धा गर्ने प्रयोजनका लागि तोकिएको प्रवेश शुल्कमा नघट्ने गरी बढी कबोल गर्न सक्नेछ । नियम १४ बमोजिम प्रवेश शुल्कलाई अंक प्राप्त गर्ने माध्यम बनाइएको छ ।<br>६.३ आफुले कबोल गरेको जग्गा प्रवेश शुल्कको २५ प्रतिशतले हुने रकम, पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय नाममा तोकिएको बैंकमा जम्मा गरेको भौचर प्रस्तावसाथ संलग्न गर्नुपर्नेछ । |
| ७. | उद्योगको प्राथमिकता (नियमावलीको नियम (५) बमोजिम) | क्षेत्रभित्र स्थापना हुने उद्योगको प्राथमिकताक्रम:<br>७.१ उत्पादनमूलक उद्योगअन्तर्गत कच्चा पदार्थ,सहायक कच्चा पदार्थ प्रयोग वा प्रशोधन गरी मालवस्तु उत्पादन गर्ने उद्योग,<br>७.२ कृषि तथा वन पैदावरमा आधारित फलफुल प्रशोधन,वस्तु उत्पादन र प्रसोधन,दुग्ध उत्पादन तथा दुग्ध पदार्थ प्रसोधन उद्योग,उत्पादन र शीत भण्डार संचालन,चल्ला काढ्ने व्यवसाय,रेशम तथा मह प्रशोधन उद्योग, चिया तथा कफी प्रशोधन उद्योग, जडिबुटी प्रशोधन उद्योग, काठ तथा बेत बासजन्य फर्निचर उद्योग,<br>७.३ खानी तथा खनिजजन्य उद्योगहरू जस्तै: धातु वा अधातु खनिज प्रशोधन गर्ने उद्योग,<br>७.४ वस्तु उत्पादन गरी वस्तु निर्यात गर्ने निर्यातमूलक उद्योग,<br>७.५ उर्जामूलक उद्योगहरू जस्तै: सौर्य शक्ति वा अन्य स्रोतबाट जलस्रोत,वायु,कोइला,प्राकृतिक तेल र इन्धन वा ग्यांस,बायोमास वा अन्य स्रोतहरूबाट उर्जा उत्पादन र प्रशारण गर्न प्रयोग गरिने मेशिन उपकरण निर्माण गर्ने उद्योग पेट्रोलियम तथा ग्यास भण्डारण रिफिलिङ<br>७.६ सेवामूलक उद्योगअन्तर्गत यान्त्रिक कार्यशाला (वर्कशप), छापाखाना तथा छपाई उद्योग,<br>७.७ अन्य उद्योगहरू जस्तै: प्रदुषित पानी प्रशोधन केन्द्र, सफ्टवेयर विकास, प्राविधिक प्रशिक्षण तथा शीप विकास, वा यस्तै अन्य उद्योगहरू, र<br>७.८ नेपाल सरकारले उद्योगको परिभाषा भित्र समेटेका अन्य उद्योगहरू |
| ८. | प्रस्तावसाथ पेश गर्नुपर्ने कागजपत्रहरू | ८.१ उद्योग दर्ता प्रमाणपत्र, प्रबन्धपत्र तथा नियमावली,<br>८.२ पुरानो उद्योगको हकमा विगत ३ बर्षको लेखापरीक्षण भएको वित्तीय विवरण,<br>८.३ नयाँ उद्योगको हकमा ३ वर्षको प्रक्षेपित वित्तीय विवरण,<br>८.४ उद्योगको आर्थिक तथा भौतिक योजना सहितको व्यावसायिक योजना,<br>८.५ पुरानो उद्योगको हकमा पछिल्लो आर्थिक वर्षको करचुक्ता प्रमाणपत्र वा आय विवरण दाखिला गरेको प्रमाण वा म्याद थप गरेको निस्सा,<br>८.६ उद्योग सञ्चालकहरूको परिचय खुल्ने विवरण र नागरिकताको प्रतिलिपि तथा विदेशीको हकमा राहदानी,<br>८.७ उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदन (Feasibility Study Report) । यस प्रतिवेदनमा देहायका कुराहरू स्पष्ट खुलेको हुनुपर्नेछ :<br>(क) प्राविधिक पक्ष: मिल मेशिनरीहरूको विवरण र पाइने मुलुक त्यसले खपत गर्ने विद्युतको क्षमता (केभिएमा), पानी खपत क्षमता (मासिक खपत लिटरमा), कच्चा पदार्थ पाइने देश, |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | उत्पादन क्षमता, उत्पादन हुने वस्तुहरूको विवरण, उत्पादित वस्तुहरूको बजारीकरण स्वदेश वा विदेश, मिल मेशिनरी तथा अन्य संरचनाहरू रहने भौतिक अवस्थिती (Factory Layout Plan),<br><br>(ख) वित्तीय विवरण: ३ वा सो भन्दा बढी अर्थको नाफा नोक्सानको प्रक्षेपित विवरण, Payback अवधि, वासलात, नगद प्रवाह विवरण, आवश्यक लगानी र यसको श्रोत,<br>८.८ प्रचलित कानुन बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environment Examination, IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (Environment Impact Assessment, EIA) गर्नुपर्ने भए सो को प्रतिवेदन । IEE अथवा EIA आवश्यक नपर्ने भए वातावरण स्वच्छ राख्ने उद्योगको प्रतिबद्धता ।<br>८.९ प्रस्तावित नयाँ उद्योगले IEE वा EIA गराउनु पर्ने भएमा उद्योग दर्ता गराउँदा उक्त परीक्षण गराई जग्गा सम्झौता गर्दा सो को प्रतिवेदन पेश गर्नुपर्नेछ । |
| ९. | उद्योग दर्ता नभएका उद्यमीहरूले पनि प्रस्ताव पेश गर्न पाउने | ९.१ उद्योग सञ्चालन गर्न इजाजत प्राप्त गरिनसकेका उद्यमीहरूले पनि उद्योगको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा प्रस्ताव आह्वान गर्दा प्रतिस्पर्धामा भाग लिन सक्नेछ ।<br>९.२ सामान्य सर्त एवं सूचना नं. ७ अन्तर्गतका नयाँ उद्योगहरूका लागि IEE अथवा EIA बाहेक अन्य सबै विवरणहरू प्रस्तावसाथ पेश गर्नुपर्नेछ,<br>९.३ तर यसरी प्रस्ताव पेश गरी सारभूतरूपमा प्रभावग्राही उद्यमीले प्रस्ताव छनौटगर्ने आशयपत्र प्रकाशन भएको मितिले ५० दिनभित्र सम्बन्धित कार्यालयमा उद्योग दर्ता गरी कार्यालयमा दर्ता प्रमाणपत्रहरू पेश गरी सम्झौता गर्न आउनु पर्नेछ ।<br>९.४ तोकिएको म्यादभित्र सम्झौता गर्न नआएमा धरौटी रकम जफत हुनेछ ।<br>९.५ प्रस्तावकले पेश गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनमा उल्लेख भएका उद्योगसम्बन्धी विवरण जस्तै विद्युत तथा पानी खपत, रोजगारी संख्या, उत्पादन र त्यसको क्षमतालगायत अन्य विशेषताहरू उद्योग दर्ता प्रमाणपत्रमा समावेश भएको हुनुपर्नेछ । |
| १०. | प्रस्ताव फाराम दस्तुर | प्रस्तावकले तपशिलको शुल्क तिरी (फिर्ता नहुने) खरिद गरी उक्त फाराम भरी प्रस्तावसाथ पेश गर्नुपर्नेछ ।<br>(क) जग्गाको लागि रू.२०००/- (दुई हजार रूपैयाँ) |
| ११. | प्रस्ताव छनौटका लागि प्रस्ताव मूल्याङ्कन आधार र तरिका | ११.१ प्रस्ताव पेश हुन आएका प्रस्तावहरू ३५ दिनभित्र नियम १५, निर्देशिकाको परिच्छेद २ को बुँदा नं. ४ को उपबुँदा नं. (३) को खण्ड (छ) बमोजिम अनुसूची १ बमोजिम प्रस्ताव मूल्याङ्कन गरिनेछ ।<br>११.२ प्रस्तावको कुल अङ्कभार १०० कायम गरिएको छ । उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ । उत्तीर्णाङ्कमध्ये सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उद्योगको प्रस्ताव छनौट गरिनेछ ।<br>११.३ प्रस्ताव मूल्याङ्कन गर्ने प्रयोजनका लागि प्रस्तावक स्वयं वा निजको प्रतिनिधिले मूल्याङ्कन समिति समक्ष प्रस्तावित उद्योगको सम्बन्धमा प्रस्तुतिकरण गर्नुपर्नेछ । यसप्रकारको प्रस्तुतीकरण सकभर Power point प्रयोग गरी गर्न उत्तम हुनेछ । |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सुचनाहरू |
| --- | --- | --- |

**अनुसूची १**

**(नियम १४ को उपनियम (४) को प्रयोजनकालागि)**

**नियम १४ बमोजिम प्रस्ताव मुल्याङ्कन का आधारकालागि तोकिएको अङ्कको उपबिभाजन देहायबमोजिम हुनेछ :-**

(क) नियम ५ बमोजिम प्राथमिकताक्रमको आधारमा प्राथमिकता समूहभित्र पर्ने उद्योग - अधिकतम१०(दश) अङ्क

(१) खण्ड (क) समूहभित्र पर्ने उद्योगलाई१०(दश) अङ्क

(२) खण्ड (ख) समूहभित्र पर्ने उद्योगलाई९(नौ) अङ्क,

(३) खण्ड (ग) समूहभित्र पर्नेउद्योगलाई ई८(आठ) अङ्क,

(४) खण्ड (घ) समूहभित्र पर्ने उद्योगलाई७(सात) अङ्क,

(५) खण्ड (ङ) समूहभित्र पर्ने उद्योगलाई६(छ) अङ्क,

(६) खण्ड (च) समूहभित्र पर्ने उद्योगलाई५(पाँच) अङ्क

(७) खण्ड (छ) समूहभित्र पर्ने उद्योगलाई ४ (चार) अङ्क र

(८) खण्ड (ज) समूहभित्र पर्ने अन्य उद्योग ३ (तीन) अङ्क

(ख) प्रस्तावित उद्योगको प्रक्षेपित आर्थिक विवरण (पूँजी, लगानी, अपेक्षित उत्पादन, प्रतिफल प्राप्त गर्ने(Payback) अवधि, प्रक्षेपित नाफा आदि)

- अधिकतम ५(पाँच) अङ्क

(१) अतिउत्तम ५ (पाँच) अङ्क

(२) उत्तम ४ (चार) अङ्क

(३) राम्रो ३ (तीन) अङ्क

(४) सामान्य २ (दुई) अङ्क

(५) कमसल १ (एक) अङ्क

(ग) प्रस्तावित उद्योगको व्यवस्थापकीय क्षमता(क्षमता, खुबी, ज्ञान, सीप, शैली, जानकारी आदि) - अधिकतम ५(पाँच) अङ्क

(१) अतिउत्तम ५ (पाँच) अङ्क

(२) उत्तम ४ (चार) अङ्क

(३) राम्रो ३ (तीन) अङ्क

(४) सामान्य २ (दुई) अङ्क

(५) कमसल १ (एक) अङ्क

(घ) प्रस्तावित उद्योगले दिने प्रत्यक्ष रोजगारी संख्या-अधिकतम ५(पाँच) अङ्क

(१) १०० जनाभन्दा बढीलाई रोजगारी दिने भए ५ (पाँच) अङ्क

(२) ५१ देखि १०० जनासम्मलाई रोजगारी दिने भए ४ (चार) अङ्क

(३) २१ देखि ५० जनासम्मलाई रोजगारी दिने भए ३ (तीन) अङ्क

(४) २० जना वा सो भन्दा कमलाई रोजगारी दिने भए २ (दुई) अङ्क

(५) रोजगारी संख्या नखुलेको भए १ (एक) अङ्क

(ङ) उद्योगले खपत गर्ने कच्चा पदार्थ र उत्पादित बस्तुको बजार - अधिकतम ५ (पाँच) अङ्क

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | (१) स्वदेशी कच्चापदार्थ प्रयोग गरी निर्यात गर्ने भए ५ (पाँच) अङ्क<br>(२) स्वदेशी कच्चापदार्थ प्रयोग गरी स्वदेशमै बिक्रि गर्ने भए ४ (चार) अङ्क<br>(३) विदेशी कच्चापदार्थ आयात गरी निर्यात गर्ने भए ३ (तीन) अङ्क<br>(४) विदेशी कच्चापदार्थ आयात गरी स्वदेशमै बिक्रि गर्ने भए २ (दुई) अङ्क<br>(५) कच्चा पदार्थ र बस्तुको बजार नखुलेको भए१ (एक) अङ्क<br>(च) प्रस्तावित उद्योगको वातावरणीय पक्ष - अधिकतम ५(पाँच) अङ्क<br>(१) न्यून प्रदुषण गर्ने ५ (पाँच) अङ्क<br>(२) सामान्य प्रदुषण गर्ने ४ (चार) अङ्क<br>(३) प्रदुषण गर्ने तर सो न्यूनीकरणका उपाय अवलम्वन गर्ने प्रतिबद्धता व्यक्त गरेको ३ (तीन) अङ्क<br>(४) सामान्यभन्दा बढी प्रदुषण गर्ने २ (दुई) अङ्क<br>(छ) प्रस्तावित उद्योगले कार्यालयसँग माग गरेको विद्युत शक्ति क्षमता - अधिकतम २०(बिस)अङ्क<br>(१) सबैभन्दा बढी विद्युत क्षमता माग गर्ने उद्योग – २०(बिस)अङ्क,<br>(२) त्यसपछि दोस्रो बढी विद्युत क्षमता माग गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अङ्क न्यून गर्ने र सोहीबमोजिम न्यून क्षमता माग गर्ने पछिल्लाक्रमका उद्योगलाई क्रमशः दुई अङ्कका दरले न्यून गर्दै जाने । (जस्तैः बढी माग गर्ने पहिलो उद्योगलाई २०, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पाँचौं ..क्रममा रहेका उद्योगलाई क्रमशः १८,१६,१४,१२....गर्दै जाने।<br>(३) यसरी अङ्क न्यून गर्दै जाँदा अङ्क२ मा पुगेपछि सोभन्दा पछिल्ला क्रममा रहेका सबै उद्योगलाई समानरुपमा २अङ्क प्रदान गर्ने अर्थात न्यूनतम २अङ्कभन्दा घटी दिन नपाइने ।<br>(ज) प्रस्तावित उद्योगले कार्यालयसँग माग गरेको पानीको परिमाण वा क्षमता - अधिकतम १५(पन्ध्र) अङ्क<br>(१) सबैभन्दा बढी पानी क्षमता वा परिमाण माग गर्ने उद्योग – १५ (पन्ध्र) अङ्क,<br>(२) त्यसपछि दोस्रो बढी पानी क्षमता माग गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अङ्क न्यून गर्ने र सोहीबमोजिम न्यूनक्षमता माग गर्ने पछिल्ला क्रमका रहेका उद्योगलाई क्रमशः दुई अङ्कका दरले न्यून गर्दै जाने । (जस्तैः बढी माग गर्ने पहिलो उद्योगलाई १५, त्यसपछिको दोश्रो, तेश्रो, चौथो, पाँचौं ..क्रममा रहेका उद्योगलाई क्रमशः १३, ११, ९, ७..गर्दै जाने।<br>(३) तर पानीको आफ्नै स्रोत वा उत्पादन नभएको औद्योगिक क्षेत्रहरुको हकमा पानी खपत सबैभन्दा न्यून गर्ने उद्योगलाई अधिकतम १५ (पन्ध्र) अङ्क दिई सोही आधारमा पछिल्ला स्थानमा रहेका उद्योगहरुलाई क्रमशः दुई अङ्कका दरले न्यून गर्दै जाने ।<br>(४) यसरी अङ्क न्यून गर्दै जाँदा अङ्क १ मा पुगेपछि सोभन्दा पछिल्ला क्रममा रहेका सबै उद्योगहरुलाई समानरुपमा १ अङ्क प्रदान गर्ने अर्थात न्यूनतम १ अङ्कभन्दा घटी दिन नपाइने ।<br>(झ) उद्योगले एकमुष्ठ बुझाउन कबोल गर्ने प्रवेशशुल्क रकम - अधिकतम २०(बीस) अङ्क<br>(१) सबैभन्दा बढी प्रवेशशुल्क बुझाउन कबोल गर्ने उद्योग – २० (बीस) अङ्क, |

| क.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | (२) त्यसपछि दोस्रो बढी रकम कबोल गर्ने उद्योगलाई पहिलोलाई भन्दा दुई अङ्क न्यून गर्ने र सोहीबमोजिम न्यून रकम कबोल गर्ने पछिल्ला क्रममा रहेका उद्योगहरुलाई क्रमशः दुई अङ्कका दरले न्यून गर्दै जाने । (जस्तै: बढी कबोल गर्ने पहिलो उद्योगलाई २०, त्यसपछिको दोस्रो, तेस्रो, चौथो, पाँचौं ..क्रममा रहेका उद्योगलाई क्रमशः १८, १६, १४, १२..गर्दै जाने।<br>(३) यसरी अङ्क न्यून गर्दै जाँदा अङ्क २ मा पुगेपछि सोभन्दा पछिल्ला क्रममा रहेका सबै उद्योगहरुलाई समानरुपमा २ अङ्क प्रदान गर्ने अर्थात न्यूनतम २ अङ्कभन्दा घटी दिन नपाइने ।<br><br>(ञ) औद्योगिक क्षेत्रभित्र सञ्चालित उद्योगको संचालकले उद्योगको क्षमताविस्तार वा थप उद्योग स्थापनाका लागि जग्गा भाडामा लिन माग गरेको भए अधिकतम ५(पाच) अंक<br>(१) साविकमा संचालक सम्पूर्णरुपमा संलग्न रहेको भए ५ अंक,<br>(२) साविकका संचालक अधिकांश रुपमा संलग्न रहेको भए ४ अंक,<br>(३) साविकका कुनै संचालक संलग्न रहेको भए ३ अंक<br>(ट) प्रस्तावका सम्बन्धमा उद्योगीको प्रस्तुतीकरण - अधिकतम ५(पाँच) अङ्क<br>(१) काम गर्ने विधि र प्रविधिको प्रयोग - धेरै राम्रो - २ राम्रो - १.५ सामान्य - १ अङ्क<br>(२) कार्ययोजना - धेरै राम्रो - २ राम्रो - १.५ सामान्य - १ अङ्क<br>(३) प्रस्तुतीउपर विश्वसनियता - धेरै राम्रो -१ राम्रो - ०.५ सामान्य - ०.२५ अङ्क<br><br>जम्मा १०० (एक सय) अंक |
| १२. | प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने अधिकार | १२.१ रितपूर्वक पेश हुन आएका प्रस्तावहरू मुल्याङ्कन गर्ने प्रयोजनका लागि नियम १३ बमोजिम गठित मुल्याङ्कन समितिसमक्ष पेश हुनेछ ।<br>१२.२ रितपूर्वक पेश हुन आएका प्रस्तावहरू नियम १४ बमोजिम मुल्याङ्कन गरिनेछ ।<br>१२.३ नियम ३४ बमोजिमको अख्तियारीप्राप्त पदाधिकारी वा निकायले नियम १५ मा उल्लेखित अवस्था आएमा सम्पूर्ण प्रस्ताव अस्वीकृत गर्न वा भाडा दिनेसम्बन्धी कारवाही रद्ध गर्न सक्नेछ । |
| १३. | प्रस्तावको स्वीकृति | १३.१ कार्यालयले नियम १४ बमोजिम अधिकतम् अङ्कभार भएको सारभुतरूपमा प्रभावग्राही प्रस्तावकको उद्योग स्वीकृतिका लागि छनौट गर्नेछ ।<br>१३.२ प्रस्ताव छनौट भएको १५ दिनभित्र उद्योगको प्रस्ताव स्वीकृत गर्ने आशयको सार्वजनिक सूचना गरिनेछ ।<br>१३.३ प्रस्ताव छनौट भएको आशयको सूचना दिएको ७ दिनभित्र निर्णयमा चित्त नबुझ्ने पक्षले समितिसमक्ष निवेदन दिन सक्नेछ । समितिले सो विषयमा छानविन तथा निर्णय गरी कार्यान्वयनका लागि कार्यालयमा पठाउनेछ । यस सम्बन्धमा समितिले गरेको निर्णय अन्तिम हुनेछ ।<br>१३.४ सूचना दिएको म्यादभित्र बुदा नं. १३.३ बमोजिम निवेदन नगरेमा वा निवेदन परी समितिले निर्णय गरिसकेपछि छनौट भएको उद्योगको प्रस्ताव स्वीकृत गरी निजलाई ३५ दिनभित्र सम्झौता गर्नको लागि |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | प्रस्तावमा कबोल गरेको प्रवेश शुल्क दाखिला गर्न सूचना दिइनेछ ।<br>१३.५ सर्त नं. १३.४ बमोजिमका उद्योग म्यादभित्र सम्झौता गर्न नआएमा निजको धरौटी रकम जफत गरी त्यसपछिको अधिकतम् अकभार भएको उद्योगलाई कबोल गरेको प्रवेश शुल्क रकम दाखिला गरी सम्झौता गर्न आउन ३५ दिने सुचना दिइनेछ ।<br>१३.६ सो उद्योग पनि सम्झौता गर्न नआएमा अधिकतम् अङ्कभारको आधारमा अन्य उद्योगलाई क्रमैसंग सूचित गरिनेछ ।<br>१३.७ छनौट भएका उद्योगसग सम्झौता भए पश्चात छनौटमा नपरेका उद्योगहरूलाई उनीहरूले जम्मा गरेको धरौटी रकम फिर्ता गरिनेछ ।<br>१३.८ माथि जुनसुकै कुरा लेखिएको भएतापनि प्रस्ताव आव्हान गर्दा एउटा मात्र प्रस्ताव पर्न आएमा पनि प्रस्ताव सारभुतरूपमा प्रभावग्राही हुनेछ भने एकतह माथिको अधिकारी समक्ष पेश गरी स्वीकार गर्न सकिनेछ । |
| १४. | सम्झौता तथा उद्योग बिक्री हस्तान्तरण | १४.१ छनौट भएका उद्योग तथा कार्यालयबीच नियम १७ बमोजिम जग्गा तथा भवन सम्झौता गरिनेछ । सम्झौतामा उल्लेख भएका शर्तहरू दुवैपक्षका लागि मान्य हुनेछ ।<br>१४.२ नियम २९ मा जेसुकै कुरा उल्लेख भएता पनि सम्झौता गरी बहालमा लिएको जग्गा, सम्झौता गरेको मितिले ५ बर्षसम्म उद्योग बिक्री हस्तान्तरण वा जग्गा तथा भवनको लिज हस्तान्तरण गर्न पाइने छैन । |
| १५. | भौतिक संरचना निर्माण गर्न स्वीकृति लिनुपर्ने | कार्यालयले निर्धारण गरेको एवं नेपाल सरकारको स्वीकृत निर्माण मापदण्डको परिधिभित्र रहेर कारखाना भवनलगायत अन्य संरचनाहरू कार्यालयको नक्सा पास तथा निर्माण स्वीकृति पश्चात निर्माण गर्नुपर्नेछ । |
| १६. | विद्युत तथा पानी आपूर्ति व्यवस्था | १६.१ औ.क्षे.व्य.लि. विद्युत नियमावली, २०५९ (संशोधनसहित) बमोजिम उद्योगमा विद्युत जडान तथा आपूर्ति व्यवस्था मिलाईनेछ ।<br>१६.२ औ.क्षे.व्य.लि. विद्युत नियमावली, २०५९ (संशोधनसहित) मा भएको व्यवस्थाअनुसार उद्योगले खपत गरेको विद्युतको मासिक महशुल, ढिला गरी महशुल बुझाएमा लाग्ने जरिवाना, तोकिएको समयभित्र महशुल बुझाएमा पाउने छुट, तोकिएको समयभित्र महशुल नबुझाएमा विद्युतलाईन विच्छेद गरिने र अन्य शुल्क लगाइनेछ ।<br>१६.३ छनौट भएको उद्योगले प्रस्तावसाथ माग गरेको विद्युत क्षमता जडान गर्नुपर्नेछ । उक्त जडित विद्युत क्षमता दुई बर्ष सम्म घटाउन पाउने छैन ।<br>१६.४ कार्यालयले स्थापित उद्योगको सिमानासम्म पानीको मूख्य वितरण पाइप लाईन पुर्‍याइदिनेछ । मुख्य वितरण पाइप लाईनदेखि उद्योगले आफ्नै खर्चमा धारा तथा मिटर जडान गर्नुपर्नेछ ।<br>१६.५ छनौट भएको उद्योगले प्रस्तावसाथ माग गरेको पानी क्षमता जडान गर्नुपर्नेछ । उक्त जडित पानी क्षमता दुई बर्ष सम्म घटाउन पाउने छैन ।<br>१६.६ पानी वितरणसम्बन्धी जडान शुल्क, महशुल तथा अन्य व्यवस्थाहरू काठमाण्डौ उपत्यकाभित्र काठमाण्डौ उपत्यका खानेपानी लिमिटेड र काठमाण्डौ उपत्यका बाहिर नेपाल खानेपानी संस्थान र यस कम्पनीद्वारा समय समयमा जारी भएको वा हुने नियम, निर्णय एवं निर्देशन बमोजिम हुनेछ । |
| १७. | प्रस्ताव पेश गर्ने तरिका | १७.१ प्रस्तावक वा निजको अधिकृत प्रतिनिधिले रितपूर्वक सहीछाप तथा शिलबन्दी गरी प्रस्तावक आफैले वा आफ्नो प्रतिनिधि मार्फत हुलाक वा कुरियर मार्फत निर्धारित ढाँचामा प्रस्ताव पेश गर्नुपर्ने तोकिएको |

| क्र.सं. | विषय | सामान्य सर्त एवं सूचनाहरू |
|---|---|---|
| | | स्थानमा अन्तिम मिति र समयभित्र पेश गर्नु पर्नेछ ।<br>१७.२ म्याद नाघी प्राप्त भएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन र त्यस्ता प्रस्तावहरू नखोली सम्बन्धित प्रस्तावकलाई फिर्ता गर्नु पर्नेछ । |
| १८. | प्रस्ताव फिर्ता तथा संशोधन | १८.१ प्रस्तावकले एकपटक पेश गरेको प्रस्ताव फिर्ता लिन वा संशोधन गर्न प्रस्ताव पेश गर्ने अन्तिम मिति र समय समाप्त हुनु अगावै सिलबन्दी निवेदन दिन सक्नेछ ।<br>१८.२ प्रस्ताव फिर्ता वा संशोधन गर्न प्राप्त शिलबन्दी खाम सुरक्षित राख्नु पर्नेछ । |
| १९. | प्रस्ताव खोल्ने | १९.१ प्राप्त भएका प्रस्तावहरू कार्यालयले प्रस्तावक वा निजको प्रतिनिधिको रोहबरमा खोल्नु पर्नेछ । तर प्रस्तावक वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र प्रस्ताव खोल्न बाधा पर्ने छैन ।<br>१९.२ प्रस्ताव खोल्नु अगाडि कार्यालयले म्याद नाघी प्राप्त हुन आएको प्रस्तावको खाम, प्रस्ताव फिर्ता वा संशोधन गर्नको लागि दिइएको निवेदनको खाम र रितपूर्वक दर्ता भएका प्रस्तावको खामलाई छुट्टाई म्याद नाघी प्राप्त हुन आएका प्रस्ताव नखोली सम्बन्धित प्रस्तावकलाई फिर्ता गर्नु पर्नेछ । यसरी फिर्ता गर्दा सोको व्यहोरा, मिति र समयसमेत खुलाई प्रस्ताव माथिको कारवाहीको प्रतिवेदन तयार गर्नु पर्नेछ ।<br>१९.३ प्रस्ताव फिर्ता गरेपछि प्रस्तावकले फिर्ता गर्न माग गरेको प्रस्तावको खाम खोली त्यस्तो प्रस्तावको नाम पढेर सुनाउनु पर्नेछ र त्यसपछि प्रस्ताव संशोधन गर्नको लागि दिइएका सबै खाम खोली त्यस्ता खामभित्र रहेको व्यहोरा पढेर सुनाउनु पर्नेछ ।<br>१९.४ प्रस्ताव फिर्ता वा संशोधनको व्यहोरा पढी सकेपछि कार्यालयले दाखिला भएका प्रस्ताव क्रमैसंग खोली त्यस्तो प्रस्तावको देहायको कुरा पढेर सुनाई सोको मुचुल्का तयार गर्नु पर्नेछ र त्यस्तो मुचुल्कामा उपस्थित प्रस्तावदाता वा निजको प्रतिनिधिको दस्तखत गराउनु पर्नेछ :-<br>(क) प्रस्तावदाताको नाम र ठेगाना,<br>(ख) प्रवेश शुल्कको कबोल अङ्क, (अङ्क तथा अक्षरमा)<br>(ग) प्रस्तावमा कुनै थप फाइदा दिन प्रस्ताव गरेको भए सोको कबोल अङ्क,<br>(घ) प्राविधिक स्पेसिफिकेशनको विकल्प प्रस्ताव गरिएको भए सोको विवरण,<br>(ङ) धरौटी रकम जम्मा भए नभएको,<br>(च) अङ्क र अक्षरका बीच भिन्नता भए सो भिन्नताको विवरण,<br>(छ) प्रस्ताव फाराममा प्रस्तावदाता वा निजको प्रतिनिधिको हस्ताक्षर भए वा नभएको<br>(ज) प्रस्तावसम्बन्धी कागजातमा सच्याइएको वा केरमेट गरिएको भए सोको व्यहोरा,<br>(झ) प्रस्ताव फाराममा प्रस्तावदाताले कुनै कैफियत उल्लेख गरेको भए सोको व्यहोरा । |
| २०. | प्रस्ताव उपर कारवाही नहुने | २०.१ शिलबन्दी भई नआएको,<br>२०.२ म्यादभित्र पेश हुन नआएको,<br>२०.३ फिर्ता लिएको प्रस्ताव,<br>२०.४ अयोग्य प्रस्ताव,<br>२०.५ आपसमा मिलेमतो गरी दाखिला भएको,<br>२०.६ रद्ध भएको प्रस्ताव,<br>२०.७ सर्त सहितको प्रस्ताव ।<br>२०.८ स्वत: रद्द हुने भनि उल्लेखित शर्त पुरा नगरेको प्रस्ताव, |

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
पोखरा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालय
पोखरा १०, कास्की, गण्डकी प्रदेश ।

## स्वीकृत प्राविधिक स्पेसिफिकेशन

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड,केन्द्रिय कार्यालयबाट स्वीकृत प्राविधिक स्पेसिफिकेशनमा उल्लेखित जग्गा तथा भवनमा उद्योग स्थापना गर्न प्रतिस्पर्धाको लागि प्रस्ताव तथा प्रतिवद्धता ।

१.प्रस्तावकको नाम : ........

२.प्रस्तावित उद्योगको उत्पादन : .........

३.उद्योगको कानुनी स्वरूप : पब्लिक / प्रा.लि. / साझेदार/ एकलौटी फर्म (टिक लगाउने) ,दर्ता नभएका उद्योगले टिक नलगाउने

उद्योग दर्ता सम्बन्धि

(क) निकाय : ............ (ख)ठेगाना : ............ (ग)मिति: ......... (घ)दर्ता नं. : ........

मुल्याङ्कनका आधारहरू

| विषय /विवरण | प्रस्तावकले भर्ने |
|---|---|
| १.उद्योगको वर्ग/प्राथमिकता : | |
| २.उद्योगको वित्तीय अवस्था : | |
| क)स्थीर पुंजी : | |
| ख)लगानी (रूमा) : | |
| ग)उत्पादन (रकम वा परिमाण) | |
| घ)Payback अवधि (वर्षमा) | |
| ङ) अपेक्षित नाफा (रू.मा) | |
| ३.उद्योगको व्यवस्थापकीय क्षमता | |
| क) उद्योग व्यवसायमा लागेको (वर्षमा) | |
| ख)ज्ञान,सीप, शैली सम्बन्धि संक्षिप्त विवरण | |
| ग) उद्योगले दिने रोजगारी संख्या | |
| घ)उद्योगले खपत गर्ने कच्चा पदार्थ र उत्पादित वस्तुको बजार | |
| ४.कच्चा पदार्थ पाईने देश स्वदेश वा विदेश (प्रतिशतमा) | |
| ५.उत्पादित वस्तुको बजार स्वदेश वा विदेश (प्रतिशतमा) | |
| ६.वातावरणमा पुर्‍याउने असरको मात्रा र न्युनीकरणको प्रतिवद्धता | |
| ७.उद्योगले कार्यालयसंग माग गर्ने विद्युत शक्ति क्षमता विवरण अनुसार(केभिएमा) | |
| ८.उद्योगले कार्यालयसंग माग गर्ने पानीको परिमाण मासिक (लिटरमा) र धाराको साईज (ईन्चमा) | |
| ९.उद्योगले एकमुष्ठ बुझाउन कबोल गर्ने अधिकतम प्रवेश शुल्क रकम प्रति रोपनी | |
| १०.प्रस्तावका सम्बन्धमा उद्योगीको प्रस्तुतिकरण | पछि हुने |
| ११. उद्योगको नाम :<br>ठेगाना : ......<br>फोन नं. : ......<br>उद्योग सञ्चालक वा नीजले तोकेको प्रतिनिधिको नाम : ........ | छाप र दस्तखत |

औद्योगिक क्षेत्रको छाप दस्तखत ......

प्रस्ताव दाताको छाप दस्तखत ......